Food and Agriculture Organization of the United Nations

# केरा खेती गर्ने कृषक तथा सबै सरोकारवालाहरूमा प्लान्ट क्वारेन्टाइन तथा बिषादी ब्यवस्थापन केन्द्र र संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठनको अनुरोध

**केराको पानामा ओईलाउने रोगको ट्रोपिकल रेस ४ (TR4) नेपालमा हालसालै देखा परेको छ। यो रोगको कारण शुरुमा पुराना पातको फेद पहेंलो हुने र पातको किनारा सुक्दै गएर पातको डण्ठी भाँचिन्छ र पातहरु लत्रीन्छन्। बिस्तारै बिचतर्फको पातमा फैलिदै जाँदा पातहरु पहेंलो भई लत्रींदै जान्छन्। यसको व्यवस्थापन तथा नियन्त्रणको लागि हालसम्म आधिकारीक सिफारीस विधि उपलब्ध नभएकोले जिम्मेवार नागरिकको हैसियतले रोग फैलिन नदिन सजगता अपनाऔं।**



- केरा बगानमा जैविक सुरक्षाका लागि बार वन्देज गरी अनधिकृत व्यक्ती तथा जनावरहरुको प्रवेश हुन नदिने।
- बगानभित्र प्रवेश र निकासको लागि एउटा मात्र मार्ग निर्धारण गर्ने। केरा बगानभित्र प्रयोग हुने जुत्ता, गमबुट र औजार उपकरणहरु बगानमा नै राख्ने र अन्यत्र प्रयोग गर्नु पर्दा १ प्रतिशत सोडीयम हाइपोक्लोराइट वा १० प्रतिशत ब्लिचले निसंक्रमण गरेर मात्र प्रयोग गर्ने।
- रोग ग्रसित क्षेत्रका स्वस्थ केरा बगानमा रोग फैलने सम्भावना बढी भएको हुँदा बाहिर प्रयोग गरिएका जुत्ता, गमबुट र औजार उपकरणहरु बाहिर नै राख्ने वा निसंक्रमण गरेर मात्र प्रयोग गर्ने। केरा वोक्ने गाडी लाइ बगैंचा भित्र प्रवेश गर्न नदिने।
- वाली लिंदा केराको हाता वा काईयो मात्र काट्ने र त्यसरी काट्दा भुई वा माटोसंग संपर्क नहुने गरि प्लास्टीक ओच्छ्याएर मात्र काट्ने। तयार गरिएको केरा मात्र बजारिकरणको लागि बगान बाहिर ल्याएर मात्र गाडिमा राख्ने। अन्य केराजन्य अवशेष बगानबाट बाहिर नल्याउने।
- केरा बगानबाट पानी बाहिर बगेर जान नदिने। सकेसम्म बाहिरको पानी बगान भित्र र भित्रको पानी बाहिर आउन नदिन बगैचा वरिपरी कमसेकम २ फिट गहिरो नाला खनेर नालामा पानी जम्मा हुने वातावरण बनाउने।
- नयाँ बगैचा स्थापना गर्दा स्वस्थ बिरुवाको श्रोत सुनिश्चित गरेर मात्र प्रयोग गर्ने।

बगानमा शंकास्पद बोट भेटिएमा नजिकको कृषि सम्बन्धी निकाय, वा राष्ट्रिय वाली रोग विज्ञान अनुसन्धान केन्द्र, खुमलटार वा नजिकको बाली संरक्षण प्रयोगशाला वा प्लान्ट क्वारेन्टाइन तथा बिषादी ब्यवस्थापन केन्द्र हरिहरभवन, ललितपुरमा जानकारी गराऔं।


**थप जानकारीका लागि**
**नेपाल सरकार**
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
प्लान्ट क्वारेन्टाइन तथा बिषादी ब्यवस्थापन केन्द्र
हरिहरभवन, ललितपुर
सम्पर्क नं ०१५४५३७९८
ईमेल: info@npponepal.gov.np

**नेपाल कृषि अनुसन्धान परिषद्,**
राष्ट्रिय बालिरोग विज्ञान अनुसन्धान केन्द्र, खुमलटार, ललितपुर
सम्पर्क नं ०१५५२३१४३
ईमेल: balirogbigyan@gmail.com